January 21st, 2025

Tuesday

National News

प्रमुख समाचार:

1. छत्तीसगढ-ओडिशा सीमामा संयुक्त नक्सल विरोधी अभियानमा १४ माओवादी मारिएको पुष्टि
2. पश्चिम बंगाल सरकारले आरजी कार दुष्कर्म र हत्या मुद्दामा दोषी ठहरिएका सञ्जय रोयलाई मृत्युदण्डको माग गर्दै उच्च अदालतमा अपील
3. दिल्ली विधानसभा चुनावको प्रचारप्रसार तीब्र गति हुँदै
4. आज मणिपुर, मेघालय र त्रिपुराको राज्य स्थापना दिवस
5. खेलकुदमा क्वालालम्पुरमा जारी U-19 महिला T20 विश्वकपमा भारतद्वारा मलेसिया १० विकेटले पराजित

1. Chhattisgarh – Odisha Operation

गए राति छत्तीसगढ र ओडिशाको सीमामा भएको संयुक्त कारबाहीमा कम्तीमा १४ माओवादी मारिएका छन्। यसमा नक्सलवादी केन्द्रीय समितिका कुख्यात सदस्य जयराम उर्फ चल्पाटी पनि मारिएका थिए। उनका लागि १ करोड रुपैयाँ पुरस्कार घोषणा गरिएको थियो । हाम्रा संवाददाताका अनुसार कुलहाडीघाट आरक्षित वन क्षेत्रमा ठूलो संख्यामा माओवादीहरूको उपस्थितिको बारेमा गुप्त समाचार प्राप्त भएपछि, छत्तीसगढ र ओडिशा पुलिस र सीआरपीएफद्वारा संयुक्त अन्तर-राज्यीय कारबाही सुरु गरिएको थियो। यस सम्बन्धमा गृहमन्त्री श्री अमित शाहले सुरक्षा बलहरूले नक्सलमुक्त भारत बनाउने दिशामा ठूलो सफलता हासिल गरेको बताउनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा श्री शाहले सरकार र सुरक्षा बलको संयुक्त प्रयासमा भारत नक्सलमुक्त हुने बताउनुभएको छ।

## 2. WB- RG Kar Medical HC

पश्चिम बंगाल सरकारले आज कलकत्ता उच्च अदालतमा आरजी कार दुष्कर्म र हत्या मुद्दासम्बन्धी विशेष अदालतमा अपील दायर गरेको छ। सरकारले सञ्जय रोयलाई जन्मकैदको सट्टा मृत्युदण्ड दिन माग गरेको छ । सञ्जय रोयलाई गत वर्ष अगस्टमा कोलकाताको आरजी कार मेडिकल कलेज र अस्पतालमा एक कनिष्ठ डाक्टरको दुष्कर्म र हत्या गरेको अभियोगमा दोषी ठहर गरिएको थियो। राज्यका महाधिवक्ता श्री किशोर दत्तले न्यायाधीश देबाङ्शु बसाक र न्यायाधीश शब्बर रशिदीको इजलासमा यस सम्बन्धमा पुनरावेदन दायर गर्नुभएको हो। खण्डपीठले निवेदन स्वीकार गरेको छ।

## 3. Govt – Sukanya Samridhi

सरकारले देशभर चार करोडभन्दा बढी सुकन्या समृद्धि खाता खोलेको जनाएको छ । यो योजना 22 जनवरी 2015 मा बेटी बचाओ, बेटी पढाओ अभियानको एक भागको रूपमा शुरू भएको थियो। यस योजनाअन्तर्गत आमाबाबुले कुनै पनि डाक कार्यालय वा तोकिएको वाणिज्य बैंक शाखामा छोरीहरूका लागि न्यूनतम 250 रूपैयाँमा सुकन्या समृद्धि खाता खोल्न सक्छन्। यस योजनामा हाल ८.२ प्रतिशत वार्षिक ब्याजदर उपलब्ध छ । सरकारले बालिकाको संरक्षण, शिक्षा र सशक्तीकरणका लागि गरेको अथक प्रयासको एक दशक पूरा भएकोमा बेटी बचाओ बेटी पढाओ योजनाको १० औं वार्षिकोत्सव भोलि नयाँ दिल्लीमा मनाउने भएको छ। महिला तथा बाल विकास मन्त्रालयका अनुसार दशौं वार्षिकोत्सव भोलिदेखि मार्च 8 सम्म विभिन्न कार्यक्रम आयोजना गरेर मनाइनेछ।

## 4. Delhi Election Campaign

दिल्ली विधानसभा चुनावको प्रचारप्रसार तीव्र भएको छ । विभिन्न राजनीतिक दलका उम्मेदवार तथा स्टार प्रचारकहरुले सडक शो, र्‍याली र जनसभा गरी प्रचारप्रसार गरिरहेका छन् । भारतीय जनता पार्टीले आज दिल्ली विधानसभा चुनावको लागि घोषणापत्रको दोस्रो भाग जारी गरेको छ। दिल्ली विधानसभा चुनावको लागि मतदान फेब्रुअरी 5 मा हुनेछ र मतगणना फेब्रुअरी 8 मा हुनेछ।

5. Donald Trump Executive Orders

राष्ट्रपति श्री डोनाल्ड ट्रम्पले ह्वाइट हाउस फर्केको केही घण्टा पछि नै श्री जो बाइडेनका 78 वटा नीतिहरू रद्द गर्ने प्रशासनिक आदेशहरूमा हस्ताक्षर गर्नुभएको  छ। एक प्रमुख आदेशमा, राष्ट्रपति श्री ट्रम्पले विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) बाट बाहिरिने निर्णय गर्नुभएको छ। श्री ट्रम्पले पेरिस जलवायु सम्झौताबाट बाहिरिने प्रक्रिया सुरु गर्ने आदेशमा पनि हस्ताक्षर गर्नुभयो । अमेरिकी राष्ट्रपति श्री डोनाल्ड ट्रम्पले गैर-नागरिक दम्पतीबाट अमेरिकामा जन्मेका सन्तानलाई स्वतः नागरिकता दिने नियमावलीको पनि  औपचारिक अन्त्य गर्नुभएको छ। श्री डोनाल्ड ट्रम्पले अमेरिकाको ४७ औं राष्ट्रपतिको रुपमा कार्यभार सम्हालेकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीलगायत विश्वका नेताहरुले बधाई दिनुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले दुबै देश र विश्वको हितका लागि राम्रो भविष्य सुनिश्चित गर्न अमेरिकासँग फेरि काम गर्न उत्सुक रहेको बताउनुभएको छ।

6. WHO- America

यसैबीच विश्व स्वास्थ्य सङ्गठनका प्रमुख श्री टेड्रोस गेब्रेयससले सामाजिक सञ्जालमा जारी गरेको पोस्टमा डब्लूएचओलाई अमेरिकाको निर्णयप्रति निकै दुःख लागेको उल्लेख गरिएको छ। संयुक्त राज्य अमेरिका WHO को लागि सबैभन्दा ठूलो दाता हो । वर्ष 2023 मा अमेरिकाले 18 प्रतिशत योगदान दिएको थियो। अमेरिकी निर्णयले विश्वव्यापी स्वास्थ्य कोषको भविष्यमा चिन्ता बढाएको छ।

7. Goyal - Brussels

वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले आज ब्रसेल्समा बेल्जियमका विदेश मामिला तथा वैदेशिक व्यापार मन्त्री श्री बर्नार्ड क्विन्टिनसँग द्विपक्षीय वार्ता गर्नुभएको छ। दुई नेताहरूले विदेशी व्यापारमा बेल्जियमको महत्त्वपूर्ण निर्भरता र भारतको गतिशील, बढ्दो अर्थतन्त्रलाई पारस्परिक अवसरहरूको फाइदा उठाउन महत्त्वपूर्ण भएको टिप्पणी गर्नुभयो ।

## 8. WEF - Davos

स्वीट्जरल्याण्डको डाभोसमा भएको विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा खाद्य प्रशोधन उद्योग मन्त्री श्री चिराग पासवान र सीप विकास तथा उद्यमशीलता मन्त्री श्री जयन्त चौधरीले संयुक्त रुपमा भारतीय मण्डपको उद्घाटन गर्नुभयो । श्री पासवानले यस अवसरमा भारतको प्रगतिबाट सम्पूर्ण विश्व लाभान्वित हुने बताउनुभयो ।

## 9. Foundation Day

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मणिपुर, मेघालय र त्रिपुरालाई राज्य स्थापना दिवसको शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा श्री मोदीले मणिपुरका जनताले देशको विकासमा खेलेको भूमिकामा सम्पूर्ण देश गर्व गर्दछ भन्नुभएको छ। मेघालयका सन्दर्भमा प्रधानमन्त्रीले राज्यको प्राकृतिक सौन्दर्य र जनताको औद्योगिक प्रकृतिको लागि प्रशंसा गर्नुभयो। श्री मोदीले त्रिपुराले राष्ट्रिय प्रगतिमा महत्त्वपूर्ण योगदान गरिरहेको छ भन्नुभयो।

## 10. Mahakumbha

प्रयागराजको महाकुम्भमा त्रिवेणी मार्गमा रहेको सुसज्जित संविधान ग्यालेरीले मानिसहरूलाई आकर्षित गरिरहेको छ। यो ग्यालरी स्थापना गर्नुको उद्देश्य लाखौं दर्शकहरूलाई संविधानको निर्माण, कार्यान्वयन र धाराहरूबारे जानकारी गराउनु हो।

## 11. IMD

मौसम पूर्वानुमान महाशाखाले आगामी दुई दिन पश्चिमी हिमाली भूभागमा छिटपुट वर्षा र हिमपात हुने र पञ्जाब, हरियाणा, चण्डीगढ, पश्चिम उत्तर प्रदेश, राजस्थान र पश्चिम मध्य प्रदेशका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको जनाएको छ । देशको उत्तरी भेगमा बाक्लो हुस्सुका कारण दृष्यता कम भएकाले रेल सेवा प्रभावित भएको छ ।

## 12. ICC – Women Cricket

क्वालालम्पुरमा जारी आईसीसी U–19 महिला क्रिकेट ट्वान्टी–२० विश्वकप क्रिकेटमा भारतले आयोजक मलेसियालाई १० विकेटले पराजित गर्दै शानदार जित दर्ता गरेको छ ।

## 13. Australian Open Tennis

अस्ट्रेलियन ओपन टेनिस महिला एकलको क्वार्टरफाइनलमा पाउला बडोसाले आज विश्व तेस्रो वरियताकी कोको गफलाई पराजित गरेकी छिन् । योसँगै पाउला आफ्नो पहिलो ग्राण्डस्लाम सेमिफाइनलमा प्रवेश गरेकी छिन् ।